मोफसलमा सर्वाधिक बिक्री हुने
नेपाल सरकारद्वारा निरन्तर राष्ट्रियस्तरको ‘क’ वर्गमा सूचीकृत

**ग्राहक महानुभावमा अनुरोध**
- यहाँहरुको घरमा नियमित पत्रिका नआएमा ।
- समयमै पत्रिका प्राप्त नभएमा ।
- ग्राहक बन्नु परेमा ।
- विज्ञापन दिनु परेमा ।

मेचीकाली सन्देश राष्ट्रिय दैनिक
बुटवल-९, मिलनचोक, रुपन्देही
फोनः ०७१-५३६००५

राष्ट्रिय दैनिक
# मेचीकाली
Mechikali Sandesh National Daily
सन्देश

**स्तनपानः बालबालिकालाई वरदान**
- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोप सरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, संवेगात्मक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।
- बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुधजस्तो पोषिलो हुँदैन ।
- त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-२३ | अंक-२४० | २०८० साउन २८ गते आइतबार | 13 Aug- 2023 Sunday | पृष्ठ ४ | मूल्य रू. ६।-

# दयनीय बालसुधार गृहः कष्टकर बसाइँ



बुटवल, साउन २७ । रूपन्देहीको भैरहवामा रहेको बालसुधार गृह दयनीय हुँदा धेरै सुधार गर्नुपर्ने देखिएको छ । मापदण्ड अनुसार सञ्चालन हुन नसकेको छैन यस सुधार गृहमा पढ्ने, खेल्ने जस्ता बालकहरूको आधारभूत बालअधिकारको पनि सम्बोधन नभएको पाइएको छ । ५० जनाको क्षमता भएको यस बालसुधार गृहमा हाल लुम्बिनी र गण्डकी प्रदेशका ११ जिल्लाका ७६ जना बालकहरू बस्दै आएका छन ।

बालसुधार गृहको शुक्रबार एक टोलीले स्थलगत अनुगमन गरेको थियो । जहाँ क्षमताभन्दा बढी बालकहरू रहेकाले उनीहरूको बसाइ निकै कष्टकर रहेको एडभोकेसी फोरमका प्रदेश संयोजक अधिवक्ता बसन्त गौतमले जानकारी दिए । उनले स्थलगत अनुगमनका क्रममा बालकहरूको शिक्षा, स्वास्थ्य लगायतका आधारभूत बालअधिकारको संरक्षण हुन नसकेको बताए । सुधार गृहमा सीमित संख्यामा शौचालय रहेकाले क्षमताभन्दा बढी बालकहरू बस्नुपर्दा शौचालय जान पनि सधैं पालो पर्खनु पर्ने अवस्था रहेको छ । उता बालसुधार गृहको सञ्चालन पनि मापदण्ड अनुसार हुन सकेको छैन । ७ जनाको दरबन्दी रहेको बालसुधार गृह जम्मा २ जना कर्मचारीको भरमा संचालन भएको पाइएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्रका लुम्बिनी प्रदेश संयोजक भोला महतले सीमित भौतिक संरचनामा सुधार गृह संचालन भइरहेको र सुधार गृहको भवन परिसरमा पर्याप्त खुला स्थानको अभाव रहेको बताए । जसका कारण थुनाकक्षमा झै बालकहरू बस्न बाध्य भएको उनको भनाइ छ । त्यस्तै बालकहरू खेलकुद, मनोरञ्जनका क्रियाकलाप गर्नबाट वञ्चित भएको उनले बताए ।

सार्वजनिक सरोकार कानुन व्यवसायी समूह नेपालगन्जका संयोजक अधिवक्ता सुनील कुमार श्रेष्ठले बालसुधार गृह कालकोठरी जस्तो भएको र यदि सरकारले चलाउन नसके बन्द गर्नु राम्रो भएको बताए । सुधार गृहमा विद्यालय, शिक्षक र अध्यापनको व्यवस्था भएको समेत नपाइएको उनले बताए। जसका कारण बालकहरू पढ्न पाउने अधिकारबाट वञ्चित भएकोले बताए ।

बालकहरूका लागि शीपमूलक तालिमको कुनै व्यवस्था नभएको, सुधार गृहमा पुस्तकालयको राम्रो व्यवस्थापन नभएकोले यसको सुधारका लागि जिल्लाका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेमार्फत जानकारी गराइएको श्रेष्ठले बताए । बालसुधार गृह भनिए पनि ११ देखि २२ वर्ष उमेर समूहका सबै यहाँ छन । मुद्दा चलिरहेका कारण २२ वर्षसम्मका युवकहरूलाई पनि यहाँ राखिएकाले उमेर पुगेकाहरूलाई अन्य स्थानमा स्थानान्तरण गर्नुपर्ने पनि उनले बताए । एडभोकेसी फोरमका लुम्बिनी प्रदेश संयोजक अधिवक्ता इन्दिरा आचार्यले बन्द कोठामा बसिरहनु पर्दा खुट्टा कुँजिने, ठाडो गरेर उभिन नसक्ने लगायतका स्वास्थ्य समस्याबाट बालकहरू पीडित बनेको बताइन् । कानुनी विवादमा परेका बालकहरूले बालअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अनुसार स्वतन्त्रताको हक बाहेक सबै अधिकारहरूको उपभोग गर्ने अधिकार राख्दछन । तर रुपन्देहीको भैरहवामा रहेको बालसुधार गृहका बालकहरूले सामान्य आधारभूत बालअधिकार (शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन) लगायतका अधिकार उपभोग गर्न नपाएको गौतमले बताए ।

बालसुधार गृह संचालनमा संघिय सरकारले प्रभावकारी भुमिका र दायित्व बहन नगरेको उनको भनाइ छ । साथै सरकारले प्रदेशस्तरीय सुविधासम्पन्न र बालमैत्री बालसुधार गृह निर्माण गरी संचालन गर्नुपर्ने पनि उनले बताए ।

बालसुधार गृह संचालनमा नीतिगत अस्पष्टता रहेकोले यसको व्यवस्थित संचालन र सुधार गृहमा रहेका बालकहरूको अधिकारको संरक्षणको लागी संघ, प्रदेश र स्थानीय सरकार जिम्मेवार बन्नुपर्ने उनले बताए ।

अनुगमन टोलीमा सार्वजनिक सरोकार कानुन व्यवसायी समूह नेपालगंजका संयोजक अधिवक्ता सुनील कुमार श्रेष्ठ, सहसंयोजक अधिवक्ता लोक बहादुर शाह, समूहका सचिव एवं एडभोकेसी फोरमका वरिष्ठ प्रदेश संयोजक अधिवक्ता बसन्त गौतम, सदस्य अधिवक्ता विकास आचार्य र अनौपचारिक क्षेत्र सेवा केन्द्रका लुम्बिनी प्रदेश संयोजक भोला महत, एडभोकेसी फोरमका लुम्बिनी प्रदेश संयोजक अधिवक्ता इन्दिरा आचार्य लगायत सहभागी थिए ।

# फेसबुके चिनजानले घर छोड्ने बालिका बढ्दै

■ टोपलाल अर्याल

गुल्मी, साउन २७ । जिल्ला प्रहरी कार्यालय गुल्मीको आर्थिक बर्ष ०७९/०८० को बार्षिक प्रगती प्रतिवेदनका अनुसार एक सय ३२ जना महिला तथा बालबालिका हराएका छन् । त्यसमा ३६ जना बालिका र १० बालक छन् । महिला ८५ र जेष्ठ नागरिक महिलाको संख्या एक रहेको छ । महिला ८५ जनामा ११ जना अझै फेला परेका छैनन् । खोजतलासको क्रममा हराएका सवै बालबालिका फेला परेर परिवारलाई बुझाएको प्रहरीले जनाएको छ ।

हराउने बालकहरु बा-आमासँग झगडा गरेर शहरका होटल र निर्माण स्थलहरुमा जाने गरेको पाइएको छ । भने बालिकाहरु समाजिक संजालको चिनजानको आधारमा प्रलोभनमा फसेर भाग्ने गरेका छन् । प्रहरी कार्यालयबाट उपलब्ध विवरणका आधारमा बालिकाहरु आफ्नै छिमेकी, जिल्लाकै विभिन्न स्थान र स्वदेश तथा भारतीय नागरिकको समेत जालमा पर्ने गरेको पाइएको छ ।




**घटना नं १ः पैसाको कारण जोगिए दुई बालिका**

गुल्मीको मालिका गाउँपालिकाका १४ र १५ बर्षीया बालिका २१ साउनबाट सम्पर्क बिहिन भएपछि परिवारले जिल्ला प्रहरी कार्यालय गुल्मीमा हुलियासहितको उजुरी दिए । उनीहरुका तस्विर संजालभर भए । खोज्दा परिवार र प्रहरीले निकै सास्ती खेपे । ती मध्ये एउटीको गाउँकै १७ बर्षीय युवकसंग फेसबुक चिनजान थियो । भेटघाट र बिहे गर्ने योजनाका साथ बालिका र युवकको तम्घासमा भेटघाट हुन्छ । उनीहरु बाहिर जाने मनशायमा पुग्छन् । तर, युवक र बालिकासंग साथमा पैसा हुँदैन । बजारकै एक होटलमा बास माग्न पुग्छन्, पैसा नभएका कारण चाउमिन र चाउचाउ खाएर बस्छन् । संजालभर आफुहरुको तस्विर भएको पत्तो पाएपछि युवक अर्जुनडाँडा पुगे । खोजतलासकै क्रममा युवक र बालिका २२ साउनको बेलुका १० बजे उपल्लो तम्घासमा फेला पर्छन् । २३ साउनमा प्रहरीले अभिभावक बोलाएर आवश्यक सम्झाइबुझाई गरेर बालिकालाई परिवारको जिम्मा लगाएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरिक्षक रविन्द्र कुमार श्रेष्ठले जानकारी दिए ।

**घटना नं २ः घरबाट क्याम्पस हिडेर युवासंग टाप**

रेसुंगा नगरपालिकाकी १७ बर्षीया बालिका १८ जेठमा रेसुंगा बहुमुखी क्याम्पस पढ्न घरबाट निस्कनछन् । तर, अबेरसम्म घर नफर्किएपछि बालिकाको दिदिले हुलियासहित जिल्ला प्रहरी कार्यालय गुल्मीमा उजुरी दिन्छ । उनको पनि एक युवकसंग फेसबुक चिनजान थियो । सोहि युवासंग तम्घासमा भेट भएर बुटवल हिड्छन् । सोहि क्रममा प्रहरीले सिसिटिभी फुटेज र मोवाइल लोकेसनको आधारमा गौडाकोटमा फेला पारेपछि परिवारलाई बुझाएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरिक्षक रविन्द्र कुमार श्रेष्ठले बताए ।

**घटना नं ३ः गाडी भाडा समेत पठाएर भारत झिकाउँदै**

रेसुंगा नगरपालिकाकै १६ बर्षीया बालिकाको भारतमा रहेको एक युवकसंग फेसवुकमा चिनजान भएको हुन्छ । युवकले बालिकालाई ललाईफकाई भारत बोलाउन पैसा समेत पठाइदियो । बालिकाले पैसा निकालेपछि केहि नभनी २ साउनमा घर छोड्छिन् । परिवारले हुलियासहित जिल्ला प्रहरी कार्यालय गुल्मीमा हुलियासहित उजुरी दिन्छन् । जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरिक्षक श्रेष्ठका अनुसार बालिका भारत जाने क्रममा भारतीय नाकामा शान्ति पुर्नस्थापना गृहले बालिकालाई फेला पारेपछि प्रहरीले बालिकालाई परिवारको जिम्मा लगाएको छ । (बाँकी ४ पेजमा)

## स्वास्थ्य विषयक गोष्ठी

# स्वास्थ्य क्षेत्र सरकारको प्राथमिकतामा पर्नुपर्छः नेता गिरी



बुटवल, साउन २७ । स्वास्थ्य तथा जनसंख्या विभाग नेकपा एमाले रूपन्देहीको आयोजनामा शनिबार स्वास्थ्य विषयक गोष्ठी तथा (मृगौला रोगसम्बन्धी) सीएमई कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन गर्दै एमाले पोलिटब्यूरो सदस्य तथा लुम्बिनी प्रदेशका निवर्तमान मुख्यमन्त्री लिला गिरीले सरकारले स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताए । राजनीतिक पार्टीहरु संगठन निमार्ण गर्नेमात्र नभई सामाजिक विषयवस्तुमा समेत अग्रसर हुन जरुरी रहेको उनले बताए । सरकारी अस्पतालले प्रभावकारीरूपमा गुणस्तरीय स्वास्थ्य सेवा दिनसके सरकारी अस्पतालको प्रभावकारिता बढ्ने नेता गिरीले बताए ।

कार्यक्रमबारे जानकारी गराउँदै स्वास्थ्य तथा जनसंख्या विभाग नेकपा एमाले रूपन्देहीका प्रमुख सुनिल श्रेष्ठले एक वर्षमा गर्ने बिभिन्न कार्यक्रमहरुको बारेमा जानकारी गराएका थिए । अध्ययन र छलफलबाट कार्यक्रम तय गरिएको भन्दै उनले आम नागरिकको जीवनमा छुने गरी स्वस्थ्यसँग जोडेर कार्यक्रम गर्ने बताए । एक विद्यालय एक स्वास्थ्यकर्मी, बिरामीहरुका लागि निःशुल्क रगत, जिल्ला अस्पताल तथा अन्य स्वास्थ्य संस्थामा दक्ष जनशक्तिका लागि पहल, जनतासँग चिकित्सक कार्यक्रम, अस्पतालहरुमा दरबन्दी अनुसारका डाक्टरको व्यवस्थाका लागि पहल गर्ने श्रेष्ठ बताए । मानिसको स्वास्थ्य राम्रो भयो भने मात्र सहजरुपमा अन्य कामहरु गर्न सक्ने भएकाले आफ्नो स्वास्थ्यको बिशेष ख्याल गर्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै डा.सागर न्यौपानेले रूपन्देहीको समग्र स्वास्थ्यको अबस्थाबारे जानकारी गराएका थिए । रुपन्देहीका १६ वटा पालिकाका १५५ वडामध्ये १४३ वडामा आधारभुत स्वास्थ्य संस्था रहेको उनले जानकारी दिए ।

अस्पतालमा आउने बिरामीहरुले अझैपनि सहजरुपमा सेवा लिन नसकिरहेको अबस्थामा यसलाई सहज बनाउन सबैको साथ र सहकार्य आबश्यक रहने उनले बताए । अस्पतालहरुमा आबश्यक औषधि, चिकित्सकको अभाव, न्यूनतम मापदण्ड बिनाका प्रयोगशाला तथा आबश्यक उपकरण अभाव जस्ता कारणले बिरामीहरुले समस्या भोग्नुपरेको उनले जानकारी गराए ।

स्वास्थ्य सेवालाई सहज बनाउन स्वास्थ्य स्वयमसेविकाको भुमिका महत्वपूर्ण हुने भएकाले सरकाले उनिहरुको सेवा सुविधामा बिशेष ध्यान पिदनुपर्ने उनको भनाई थियो ।

त्यस्तै, कार्यक्रममा बरिष्ठ मृगौला रोग विशेषज्ञ डा. शक्ति बस्नेतले पछिल्लो समय मृगौला रोग सबै उमेर समूहका मानिसहरुमा देखिएकाले हरेक नागरिक सचेत हुनुपर्ने बताए । नेपालको कुल ३ करोड जनसंख्यामा ३० लाख मानिसको मृगौलामा समस्या रहेको चिकित्सकहरुको तथ्यांकमा देखिएको उनले दाबी गरे ।

विश्वब्यापी रुपमा हेर्दा १० प्रतिशत जनसंख्यामा मृगौलाको समस्या देखिएको उनले बताए । मृगौला फेल हुनुको मुख्य कारणमा मधुमेह र उच्च रक्तचाप हुने देखिएको भन्दै खानपान रहनसहनमा ध्यान दिनुपर्ने बताए । ‘दैनिक २ सय लिटर ब्लड छान्ने मृगौलालाई हाम्रो ध्यान गएको छैन ।’, उनले भने, ‘जन्मदिनमा केक काट्ने हैन अब मृगौला जाँच गरौं ।’

यसैगरी मृगौला खराबसंगै नसा, मुटु र टाउकोका रोगहरु ल्याउने भन्दै उनले यसबारे सचेत हुन सुझाव दिए । अहिले २० जना बिरामीमध्ये ५ जनामा पथ्थरीको समस्या हुने गरेको उनले बताए । चिकित्सकको अनुमति बिना आफूखुसी औषधि सेवन गर्दा मृगौलाको समस्या बढ्दै गएको डा.बस्नेतले बताए । (बाँकी ४ पेजमा)

**आँखा पाक्ने समस्या देखिए के गर्ने, के नगर्ने ?**

**के गर्ने ?**
- आँखा पोलेको महशुस भएमा चिसो बरफ वा आइसले सेक्ने
- सफा पानिले पटक-पटक आँखा सफा गर्ने
- कालो चस्माको प्रयोग गर्ने
- प्रशस्त मात्रामा पानि पिउने
- आँखा छुनुभन्दा अगाडि राम्रोसँग साबुन-पानीले हात धुने
- संक्रमित आँखा छोएपछि ढोकाको चुकुल। भाँडाकुँडा, फलसको स्वीच आदि छुँदा तौलियाले छुने

**के नगर्ने ?**
- संक्रमित आँखालाई नछुने वा नचलाउने
- भिडभाड हुने ठाँउहरुमा नजाने
- अरुले प्रयोग गरेको तौलिया, रुमाल, सिरानी, ओछ्यान आदिको प्रयोग नगर्ने
- आफूले प्रयोग गरेको सामान तथा बस्तुहरु छुट्टै राखी अरुलाइ प्रयोग गर्न वा छुन नदिने
- चिकित्सकको सल्लाह बिना जताभावी औषधि प्रयोग नगर्ने
- आँखामा जोड पर्ने कुनै काम नगर्ने

अनुरोधकः
राष्ट्रिय दैनिक मेचीकाली
Mechikali Sandesh National Daily सन्देश
मेचीकाली सन्देश प्रकाशन प्रा.लि.
बुटवल-९, मिलनचोक, रुपन्देही, फोनः ०७१-५३६००५

## सम्पादकीय

# जनजीविकालाई सहज बनाउने कहिले ?

मुलुकमा राजनीतिक संक्रमण र अस्थिरता निरन्तर रहँदा हरेक क्षेत्र प्रभावित भएको छ। संविधानले शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता जनताका दैनिकीसँग सम्बन्धित विषयहरुलाई मौलिक हकको रुपमा व्याख्या गरी हरेक व्यक्तिले सो अधिकारको उपयोग गर्न पाउने कानुनी अधिकार समेत स्थापित भइसकेको छ। तर, त्यसलाई कार्यान्वयन गर्ने आधार राज्यसंग नै बनेको छैन। सबै परिवर्तनका बाबजुद पनि जनताको दैनिकीमा परिवर्तन हुन सकेको छैन। जनजीविकाका सवालमा ७० वर्षअघिकै नारा अहिले पनि सान्दर्भिक भएका छन्। जनतामा निराशा र आक्रोस उस्तै छ। राज्यसँग हाम्रो प्रश्न छ जनजीविकालाई सहज बनाउने कहिले ?

अहिलेपनि जनताले सहज र सर्वसुलभ शिक्षा, स्वास्थ्य सेवा पाएका छैनन्। बेरोजगारीको समस्या समाधान हुन सकेको छैन। जनताको आयस्ता बढ्न सकेको छैन। खाद्यान्नको अभाव र पोषणयुक्त खानेकुराको अभाव कायमै छ। जनता भोको पेटमा पटुकी कसेर बस्न विवश छन्। मुलुकमा उत्पादन बढ्न सकेको छैन। आखिर किन हामीले यो सात दसकको परिवर्तनबाट पनि जनताको दैनिकी बदल्न सकेनौं ? किन यो मुलुक बन्न सकेन ? किन हामीले चाहेजस्तो आर्थिक विकास र प्रगति गर्न सकेनौं ? किन जनताको प्रगति र उन्नति हुन सकेन ?

किनकि यो अवधिमा राष्ट्र निर्माणका लागि कुनै राजनीतिक प्रतिबद्धता देखा परेन । प्रतिवद्धता गरेर केही नयाँ काम गर्न खोजेकालाई पार्टी भित्रैबाट गद्दारी गर्दै असहयोग गरियो र सरकार नै ढालियो। राजनीतिक नेतृत्वमा विकास, उन्नति र प्रगतिप्रति कुनै अठोट र दृढ संकल्प जाग्न नसकेका बेलामा केपी ओलीको नेतृत्वमा बनेको सरकारका पालामा केही नौला र युगीन महत्वका अभ्यासहरु सुरु भएका थिए। नेतृत्वमा एकप्रकारको आशा जगाउने हुटहुटी पैदा भएको थियो। तर, विडम्बना सरकारलाई टिक्न दिइएन। राजनीतिक दलका नेतृत्वले राजनीतिलाई केवल सत्तामा पुग्ने साधन मात्रै ठानेको पाइन्छ। कुनै अमूक पार्टीको नेतृत्व सत्तामा पुग्दा, त्यही पार्टीभित्र नै गुटबन्दी सुरु भएको, आफ्नै पार्टीको नेतृत्वमा बनेको सरकारको विरोध गरेको, विरोधीसंग मिलेर आफ्नै पार्टीको नेतृत्वको सरकार ढालेको इतिहास हामीसँग छ। आफ्नै पार्टीका नेतृत्वमा रहेको सरकार ढालेर विग्रह र विभाजन ल्याउने घृणित कार्यको पछिल्लो उदाहरण केपी ओली नेतृत्वको अघिल्लो सरकार ढाल्न सोही पार्टीका नेता माधवकुमार नेपाललगायतका नेताहरुलाई लिन सकिन्छ। सत्ता प्राप्तिका लागि हुने छिनाझपटीका कारण इतिहासमा प्राप्त सबै अवसरहरु गुमेको यथार्थताबाट पाठ सिक्न नेतृत्वलाई हाम्रो आग्रह छ।

# रुपन्देहीका बालसुधार गृहका बारेमा



भोला महत

बाल सुधार गृह रुपन्देही, भैरहवाको स्थलगत अनुगमन गरिएको थियो। त्यसक्रममा त्यहाँको अवस्था एकदमै दयनीय लाग्यो। सुधारका लागि राखिएका बालकहरु उल्टै अनेक रोगको संक्रमणमा पर्ने खतरा बढाएको पाइयो।

स्थलगत अनुगमनबाट बालसुधार गृहको समग्र ब्यवस्थापन, संचालन अवस्था, बालअधिकार र बालन्यायको सम्बन्धमा फेला परेका तथ्यहरुका आधारमा यो सामग्री तयार पारिएको हो।

सार्वजनिक सरोकारको क्षेत्रमा काम गर्दै आएका कानून व्यवसायी र अधिकारकर्मीको टोलीले बालसुधार गृह भैरहवाको वास्तविक अवस्थाको बारेमा तथ्य संकलन गरेको छ। रुपन्देहीको भैरहवामा रहेको बालसुधार गृहका बालकहरुको आधारभुत बालअधिकार उपभोगको अवस्था नाजुक रहेको, क्षमता भन्दा बढी बालकहरु बस्नु पर्दा बालकहरुको बसाई निकै कष्ठकर रहेको पाइयो।

यस्तै शिक्षा, स्वास्थ्यलगायतका आधारभुत बालअधिकाको संरक्षण र बालन्यायको प्रभावकारी कार्यान्वयन हुन नसकेको पाइयो । यस्तै तथ्यहरु सार्वजनिक भएको सन्दर्भमा अधिकारकर्मी र कानून ब्यवशायीको टोलीद्वारा हालै स्थलगत अनुगमन गरिएको थियो।

सार्वजनिक सरोकार कानुन ब्यवशायी समुह नेपालगंजका संयोजक बरिष्ठ अधिवक्ता सुनिलकुमार श्रेष्ठ, सहसंयोजक अधिवक्ता लोकबहादुर शाह, समुहका सचिव एवं एडभोकेसी फोरमका वरिष्ठ प्रदेश संयोजक अधिवक्ता बसन्त गौतम, सदस्य अधिवक्ता बिकाश आचार्य र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का लुम्बिनी प्रदेश संयोजकका रुपमा पंक्तिकार भोला महत र एडभोकेसी फोरमका लुम्बिनी प्रदेश संयोजक अधिवक्ता इन्दिरा आचार्यलगायतको टोलीले यहीँ साउन २६ गते स्थलगत अनुगमन गरेको थियो।

यस क्रममा रुपन्देही जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, बालसुधार गृहमा रहेका बालकहरु, ऐ.गृहका बालसंरक्षण अधिकारी कल्पना अधिकारीलगायतका सरोकारवाला निकायसंग भेटघाट गरि सुधार गृहको वास्तविक अवस्थाका बारेमा तथ्य संकलन गरिएको थियो । अनुगमनका क्रममा पाइएका तथ्यहरुका आधारमा तयार पारिएको सामग्री निम्न अनुसार छ :

**बालसुधार गृहको ब्यवस्थापनका सन्दर्भमा :**

१. क्षमता भन्दा बढी बालकहरु :

५० जनाक्षमता भएको बालसुधार गृहमा लुम्बिनी र गण्डकी प्रदेशका ११ जिल्लाका ७६जना बालकहरु बसेको पाइयो । एउटै भवनका साघुँरा कोठामा बालकहरु बस्न बाध्य छन्। सुधार गृहको एउटै कोठामा १७/१८ जनासम्म बालकहरु कोचिएर बसेको पाइयो।

२. सिमित भौतिक संरचनामा सुधार गृह संचालन भइरहेको देखियो।

३. सुधार गृहको भवन परिसर प्रर्याप्त खुल्ला स्थानको अभाव रहेको देखियो । जसका कारण थुनाकक्षमा झै बालकहरु बसेको पाइयो । बालकहरु खेलकुद, मनोरञ्जनका क्रियाकलाप गर्नबाट बन्चित छन्।

४. सिमित संख्यामा शौचालय हुँदा पालो पर्खनु पर्ने अवस्था छ।

५. बालसुधार गृह संचालन मापदण्ड अनुसार संचालन हुन नसकेको पाइयो।

६. सात जनाको दरबन्दी रहेको बालसुधार गृहमा दुईजना कर्मचारीको भरमा संचालन भएको पाइएको।

७. बालसुधार गृह संचालनका लागि आवश्यक साधन श्रोत र बजेटको ब्यवस्था आवश्यकता अनुसार भएको पाइएन।



**शिक्षाको अधिकारको सन्दर्भमा :**

१. सुधार गृहमा बिद्यालय, शिक्षक र अध्यापनको ब्यवस्था भएको पाइएन। जसका कारण बालकहरु पढ्न पाउने अधिकारबाट बञ्चित भएको।

२. बालकहरुका लागि शिपमुलक तालिमको कुनै ब्यवस्था नभएको।

३. सुधार गृहमा पुस्तकालयको राम्रो ब्यवस्थापन भएको पाइएन । साथै बालकहरुलाई अध्यननका लागि प्रर्याप्त पुस्तकको ब्यवस्था समेत नभएको। ।

४.केही बालकको जन्म दर्ता नहुँदा शिक्षाको अधिकारबाट बञ्चित हुन पुगेको।

**स्वास्थ्यको अधिकार उपभोग सन्दर्भमा :**

१. सुधार गृहमा नियमित स्वास्थ्य जाँचको ब्यवस्था छैन।

२. सुधार गृहमा स्वास्थ्यकर्मी छैनन्।

३. बन्द कोठामा बसिरहनु पर्दा खुट्टा कुज्जिने, ठाँडो गरेर उभिन नसक्नेलगायतका स्वास्थ्य समस्याबाट बालकहरु ग्रसित छन्।

४. सुधार गृहमा बालकहरु आँखा पाक्ने र छाला सम्बन्धी संक्रामक रोगबाट पीडित छन् । उनीहरुको नियमित स्वास्थ्य चेकजाँच पनि हुन नसकेको पाइयो।

**शिपमुलक तालिम, सुधार/पुनस्थापनाको सन्दर्भमा :**

१ बालसुधार गृहमा रहेका बालकहरुका लागि सीपमुलक तालिम, आचरणमा सुधार ल्याउन र घरपरिवार समाजमा पुनर्स्थापनाको लागि कुनै कार्यक्रम भएको पाइएन।

**मनोसमाजिक परामर्श र अभिभावकत्वका सन्दर्भमा :**

१. बालकहरुको लागि मनोसामाजिक परामर्शको ब्यवस्था हुन नसकेको।

२. बालकहरुले सुधार गृहमा बस्दा अभिभावकत्वको अनुभति गर्न नपाएको।

**बालन्याय कार्यान्वयनका सन्दर्भमा :**

१.कानूनी बिवादमा परेका बालकहरुको मुद्दाको अनुसन्धान, अभियोजन र न्याय सम्पादनका क्रममा बालन्याय कार्यबिधिको प्रभावकारी कार्यान्वयन हुन नसकेको।

२. मुद्दाको प्रकृती अनुसार अनुसन्धान, अभियोजन र न्याय सम्पादनका क्रममा कानूनको बिवादमा रहेका बालकहरुलाई मुद्दा नचलाई



दिशान्तरण गर्न सक्ने कानूनी ब्यवस्था भएपनि त्यसको कार्यान्वयन हुन नसकेको।

३. कानूनी बिवादमा परेका बालकहरुले कानूनी सहयोगमा सहँज पहुँच पाउन नसकेको । उनीहरुको तर्फबाट प्रभावकारी कानूनी प्रतिनिधित्व नहुने गरेको पाइयो। ४. रुपन्देही जिल्ला बाहेकका अन्य जिल्लाका बालकहरुले आफ्नो मुद्दाको सुनुवाईको क्रममा उपस्थित भई न्यायिक प्रक्रियामा प्रत्यक्ष उपस्थित हुन नपाएको । ५. एक सय २० दिन भित्र मुद्दाको फैसला गरिसक्नु पर्ने कानूनी ब्यवस्थाको पालना हुन नसकेको । ६. कानूनमा बालअदालतको ब्यवस्था गरिएपनि ब्यवहारमा कार्यान्वयन हुन नसकेको।

**कानूनी ब्यबस्थाको कार्यान्वयनको सन्दर्भमा :**

१. कानुनी बिवादमा परेका बालकहरुले बालअधिकार सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन अनुसार स्वतन्त्रताको हक बाहेक सबै अधिकारहरुको उपभोग गर्ने अधिकार राख्दछन । तर रुपन्देहीको भैरहवामा रहेको बालसुधार गृहका बालकहरुले सामान्य आधारभुत बालअधिकार (शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन) लगायतका अधिकार उपभोग गर्न पाएका छैनन।

२. नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १० (१) अमेरिकी मानव अधिकार सन्धिको धारा ५(२) बालअधिकार महासन्धिको धारा ३७ (ग) मा स्वतन्त्रताबाट बन्चित बालबालिकालाई मानवीय र मानवता अन्तरनिहित मर्यादा अनुरुप तथा निजहरुको उमेर अनुसारको आवश्यकतालाई ध्यानमा राखी सो सुहाउँदो ब्यवहार पाउने हक हुने ब्यवस्था गरे पनि त्यसको पालना भएको पाइएन।

३. नेपालको संविधानको धारा ३९ मा प्रत्याभूत बालबालिकाको बालअनुकूल न्यायसहित प्रमुखतः धारा १६, १८, १९, २०, २२, २७, २८, २९, ३०, ३१, ३२, ३५, ३६, ३७ समेतका मौलिक हकका हकदार छन्। बालबालिकासम्बन्धी ऐन २०७५ तथा बालअधिकार महासन्धि १९८९ ले प्रत्याभूत गरेका बालअधिकारहरू र बालन्याय सम्बन्धी संरक्षणात्मक अधिकारका पनि उनीहरू हकदार छन्। तिनका यस्ता संरक्षण र अधिकारहरूको कार्यान्वयन गर्न गराउन र सम्बन्धित बालबालिकालाई ती संरक्षण र अधिकार परिपूर्ति गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व राज्यको हुन्छ।

नेपालको संविधानको धारा ५१ (ञ) (५) तथा बालबालिकासम्बन्धी ऐन २०७५ को दफा १६ ले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिन र बालमैत्री प्रक्रिया अवलम्बन गर्न सरोकारवालाहरुलाई कर्तव्यबोध गराएकोमा त्यसको प्रभावकारी पालना हुन सकेको पाइएन।

**नीतिगत समस्याका सन्दर्भमा :**

१. बालसुधार गृहको संचालन एकद्धारा प्रणालीबाट संचालन नभएको पाइयो। जसका कारण बालकहरुको ब्यवस्थापनमा समस्या देखिएको।

**तिनै तहका सरकारको जिम्मेवारी र जवाफदेहीतामा समस्या :**

२. बालसुधार गृहको समग्र समुचित ब्यवस्थापन र बालसुधार गृहमा रहेका बालकहरुको अधिकार संरक्षणमा स्थानिय, प्रदेश र संघिय सरकारले प्रभावकारी भुमिका र दायित्व बहन गरेको पाइएन।

**निश्कर्ष र सुझाव :**

१. कानूनी बिवादमा रहेका बालकहरुले स्वतन्त्रताको हक बाहेकका अन्य बालअधिकार सम्बन्धी सबै हक अधिकार उपभोग गर्ने पाउने भएकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय कानूनी ब्यवस्था, बालअधिकार र बालन्यायका सम्बन्धमा प्रतिपादित कानूनी सिद्धान्त अनुसारका हकको उपभोग गर्ने गरि कानूनले तोकेको मापदण्ड अनुसार बालसुधार गृह संचालन गरिनु पर्दछ।

२. प्रदेश स्तरीय सुबिधा सम्पन्न र बालमैत्री बालसुधार गृह निर्माण गरि संचालन गरिनु पर्ने । ३.बालसुधार गृह संचालनमा देखिएको नीतिगत अस्पष्टता हटाई समस्या समाधान गरिनु पर्ने। ४.बालसुधार गृहको ब्यवस्थित संचालन र सुधार गृहमा रहेका बालकहरुको अधिकारको संरक्षणको लागी संघ, प्रदेश र स्थानिय सरकार जिम्मेवार बन्नु पर्ने । ५. संचालनमा रहेको सुधार गृहको भौतिक संरचनामा तत्काल सुधार गरि बालमैत्री बनाउनु पर्ने । ६. बालसुधार गृहमा रहेका सबै बालकहरुले पढ्न पाउने वातावरणको सृजना गरि शिक्षाको अधिकारको सुनिश्चितता गरिनु पर्ने।

७. बालकको स्वास्थ्य, शिक्षालगायतका उपभोगको सुनिश्चितता गरिनु पर्ने। ८. सुधार गृहमा बालकहरुलाई खेलकुद तथा मनोरञ्जनको प्रर्याप्त ब्यवस्था गरिनुपर्ने। ९.बालन्यायका सम्बन्धमा भएका कानूनी ब्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनु पर्ने। १०.बालबालिकाको लागि आवश्यक मनोसामाजिक परामर्शकर्ताको ब्यवस्था गरिनु पर्ने। ११. बालसुधार गृहमा रहेका बालकहरुको लागि सीपमुलक कार्यक्रम सञ्चालन गरिनु पर्ने। १२, सुधार गृहमा बालकहरुको जिवन उपयोगी शिक्षा, शिपमुलक तालिम र आचरणमा सुधार र समाजमा पुनस्थापनको समुचित ब्यवस्थापन हुनुपर्ने । *(इन्सेकका लुम्बिनी प्रदेश प्रमुख महत सहितको टोलीले बालसुधार गृहको अनुगमन पश्चात सार्वजनिक गरेको विवरणलाई सामान्य सम्पादन गरि प्रकाशन गरिएको हो।)*

**रुपन्देहीको भैरहवामा रहेको बालसुधार गृहका बालकहरुको आधारभुत बालअधिकार उपभोगको अवस्था नाजुक रहेको, क्षमता भन्दा बढी बालकहरु बस्नु पर्दा बालकहरुको बसाई निकै कष्ठकर रहेको पाइयो। शिक्षा, स्वास्थ्यलगायतका आधारभुत बालअधिकाको संरक्षण र बालन्यायको प्रभावकारी कार्यान्वयन हुन नसकेको पाइयो । यस्तै तथ्यहरु सार्वजनिक भएको सन्दर्भमा अधिकारकर्मी र कानून ब्यवशायीको टोलीद्वारा हालै स्थलगत अनुगमन गरिएको थियो। सार्वजनिक सरोकार कानुन ब्यवशायी समुह नेपालगंजका संयोजक बरिष्ठ अधिवक्ता सुनिलकुमार श्रेष्ठ, सहसंयोजक अधिवक्ता लोकबहादुर शाह, समुहका सचिव एवं एडभोकेसी फोरमका वरिष्ठ प्रदेश संयोजक अधिवक्ता बसन्त गौतम, सदस्य अधिवक्ता बिकाश आचार्य र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का लुम्बिनी प्रदेश संयोजकका रुपमा पंक्तिकार भोला महत र एडभोकेसी फोरमका लुम्बिनी प्रदेश संयोजक अधिवक्ता इन्दिरा आचार्यलगायतको टोलीले यहीा साउन २६ गते स्थलगत अनुगमन गरेको थियो।**

# गर्भावस्था र मुख स्वास्थ्य



डा.अस्मिता पौडेल

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले मुखमा भएका तन्तुहरूको मापदण्डको रूपमा मुख स्वास्थ्यलाई परिभाषित गर्दछ-जसले व्यक्तिलाई सक्रिय रोग, असुविधा वा अप्ठ्यारो बिना खान, बोल्न र समाजीकरण गर्न सक्षम बनाउँछ। गर्भावस्थाका समयमा मुख स्वस्थ राख्नु एउटा महत्वपूर्ण चुनौती रहेको छन्। गर्भावस्थाको बेलामा महिलाहरूमा हर्मोनल परिवर्तनहरु भइरहेको हुन्छ। विशेषगरी एस्ट्रोजन र प्रोजेस्टेरोनका मात्रा बढेको हुन्छ। सामान्य प्रजनन चक्रको बेलामा भन्दा ३० गुणाले एस्ट्राडियोल (एस्ट्रोजन हर्मोनको प्राथमिक रुप) को मात्रा प्लाज्मामा विभिन्न तथ्याङ्कअनुसार बढेको पाइएको छ।

एस्ट्रोजनले सेलुलर प्रोलिफिरेसन, डिफरेन्टेसन र केराटिनाइजेसनलाई नियमन गर्छ भने प्रोजेस्टेरोनले माइक्रोभास्कुलाटरको प्रिमाबिलिटी र कोलाजेनको उत्पादनलाई असर पुऱ्याउँछ। गर्भावस्थाको समयमा हुने हर्मोनल परिवर्तनका कारणले जिन्जभाइटिस (गिजाको समस्या) र थप बेवास्था गर्दा पेरियोडोन्टाइटिस (गिजाको संक्रमण) निम्त्याउँछ। त्यति मात्र नभएर ऱ्याललाई लो सालिभेरी पिएच (ऱ्याललाई एसिडिक बनाउने) मा लगेर, फलस्वरूप दन्त क्षय हुने सम्भावना बढ्छ।

जिन्जभाइटिस भनेको गिजा चिलाउने, गिजाबाट रगत आउने र गिजा सुन्नीने रोग हो। पेरियोडोन्टाइटिस भनेको दाँतलाई सपोर्ट गर्न तन्तुहरु जस्तै पेरियोडोन्टल लिगामेन्ट, याल्भिलर बोनको विनास हो। जसले गर्दा गिजा पाक्ने, गिजा तल सर्ने, सास गनाउने, दाँत हल्लने रोग निम्त्याउछ। पेरियोडोन्टाइटिसलाई हामी सामान्य रूपमा हर्सा भन्ने गर्दछौं।



मुख स्वास्थ्यलाई ध्यान नदिनु र पहिलो त्रैमासिकमा वान्ता र बारम्बार चिनीयुक्त खानाले गर्भावस्थामा मुख स्वास्थ्य अवस्था अझ बिग्रिन्छ। दन्त क्षय भएका आमाहरूले अनुपयुक्त खुवाउने प्रक्रियाहरु मार्फत आफ्ना बच्चाहरुलाई कुयारियोजेनिक ब्याक्टेरियाहरु पठाउँछन्। त्यसकारणले गर्दा बच्चाहरुमा दन्त क्षय हुने सम्भावना बढ्छ। अमेरिक एकेडेमी अफ पेरियोडोन्टोलोजी (आप) का अनुसार सबै महिलाहरूमध्ये आधाले गभावस्थाको समयमा जिन्जभाइटिस अनुभव गरेका हुन्छन्। आँपले महिलाहरुलाई गर्भावस्थाअघि पेरियोडोन्टल चेकका लागि दन्त चिकित्सकलाई भेट्न र गर्भावस्थामा मुख स्वच्छता कायम राख्न सिफारिस गर्छ।

प्ल्याक, क्याल्कुलस (दाँतमा टाँसिएको फोहोर) र खानाको फोहरले गर्दा गिजामा नराम्रो परिवर्तन आउँछ। डेन्टल प्लायकमा भएको ब्याक्टेरियल फ्लोरा नै जिन्जिभल र पेरियोडोन्टल रोगको मुख्य कारक मानिन्छ।

यद्दपि गर्भावस्थामा हुने हर्मोनल र भास्कुलर परिवर्तनहरूले डेन्टल प्ल्याकको असरलाई अझ बढाउने काम गर्दछ। गर्भावस्थाको समयको दोस्रो त्रैमासिकमा गिजा बढी सुन्निन्छ र ३ महिना पोस्ट पार्टमको अन्त्यमा कम हुन्छ। मुख स्वास्थ्यलाई ध्यान नदिनु र पहिलो त्रैमासिकमा वान्ता र बारम्बार चिनीयुक्त खानाले गर्भावस्थामा मुख स्वास्थ्य अवस्था अझ बिग्रिन्छ। दन्त क्षय भएका आमाहरूले अनुपयुक्त खुवाउने प्रक्रियाहरुमार्फत आफ्ना बच्चाहरुलाई कुयारियोजेनिक ब्याक्टेरियाहरु पठाउँछन्। त्यसकारणले गर्दा बच्चाहरुमा दन्त क्षय हुने सम्भावना बढ्छ।

अमेरिक एकेडेमी अफ पेरियोडोन्टोलोजी (आप) का अनुसार सबै महिलाहरूमध्ये आधाले गभावस्थाको समयमा जिन्जभाइटिस अनुभव गरेका हुन्छन्। आपले महिलाहरुलाई गर्भावस्थाअघि पेरियोडोन्टल चेकका लागि दन्त चिकित्सकलाई भेट्न र गर्भावस्थामा मुख स्वच्छता कायम राख्न सिफारिस गर्छ। गर्भावस्थाको समयमा दन्त उपचार सुरक्षित छ र यसले आमाहरुको मुख स्वास्थ्यमा उल्लेखनीय सुधार गर्दछ र शिशुहरुलाई प्रारभिक दन्त क्षय विकास गर्ने जोखिमलाई कम गर्दछ।

सुझावहरुः

१.दिनमा दुईपटक फ्लोरीडेटेड मन्जनले दाँत माझ्ने। खाने कुरा खाएपछि कुल्ला गर्ने। चारै तिर कुनाकुनामा पुग्ने गरेर दाँत माझ्ने। यदि प्रयोग गरेको मन्जनले वान्ता भइरहेको छ भने मन्जन बदल्ने, नुनपानीले कुल्ला गर्ने।

२.गर्भ योजना गर्नुभन्दा अगाडि दन्त चिकित्सक कहाँ गएर सल्लाह सुझाव लिई उपचार गराउने।

३.गर्भावस्थाको ४ देखि ६ महिनाको अन्तरालमा आकस्मिक तथा वैकल्पिक उपचारहरु जस्तै स्केलिङ (दाँत सफा गर्ने), आरसिटी (जरा देखीको उपचार), दाँत निकाल्न, दाँत भर्न सुरक्षित हुन्छ। हामीले गर्भावस्था र मुख स्वास्थ्यसँग सम्बन्धित समस्याहरु धेरै नै सुन्दै आइरहेका छौं। हरेक गर्भावस्थामा महिलाहरुले दाँत गुमाउने गरेको सामान्य धारणा छ। तर मुख स्वास्थ्य हेरचाह र नियमित दाँत जाँच गराउँदा गर्भवतीको दाँत स्वस्थ रहन सक्छ। (डा.पौडेल दन्त चिकित्सक हुन्। )

# 'पहिचान जोगाउन भाषा र रहनसहन संरक्षण गर्न आवश्यक'

बुटवल, साउन २७। बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेयले जुनसुकै समुदायको पनि पहिचानको संरक्षण गर्न आफ्नो भाषा, भेषभुसा तथा रहनसहन जोगाउन आवश्यक रहेको बताएका छन् । पछिल्लो समय सबैले आ-आफ्ना भाषा भेषभुसा तथा रहनसहन बिर्सीरहेको बताउदै त्यसतर्फ सचेत रहन आग्रह गरे।

नेवा सस्कृती संरक्षण समाज रुपन्देहीको प्रथम साधारणसभा तथा प्रथम अधिवेशन बोल्दै प्रमुख पाण्डेले बुटवल उपमहानगरपालिकाले सबै जातजातिकोलागी छुट्टाछुट्टै बजेट व्यवस्थापन गरेको बताउदै विभिन्न सस्थाहरुलाइ सक्दो र आवश्यक सहयोग गर्दै आएको बताए । उनले नेवार समुदायको आफ्नै भाषा, भेषभुसा तथा रहनसहन रहेको उल्लेख गर्दै नेवार समुदायको अस्तित्व कायम राख्नको लागि भाषा भेषभुसा र रहनसहन जोगिन जरुरी रहेको बताए।

कार्यक्रममा बोल्दै बुटवल ११ का अध्यक्ष रामचन्द्र क्षेत्रीले नेवारी समुदायको पहिचान रक्षाको लागि समुदाय आफैले ध्यान पुर्याउनु पर्ने बताएका थिए। उनले समाजको आफ्नो नाम अनुसारका काम गर्न आग्रह गरे । कार्यक्रममा समाजका अध्यक्ष लक्ष्मण कुमार श्रेष्ठको वार्षिक प्रतिबेदन एव कार्ययोजना प्रस्तुत गर्दै अघिल्लो वर्ष गरेका कार्यहरूको बारेमा बताउदै आगामी वर्षमा गर्ने कार्यक्रमको बारेमा उल्लेख गरेका थिए।

समाजका वरिष्ठ उपाध्यक्ष मान बहादुर श्रेष्ठले नेवा सस्कृती संरक्षण गर्न गराउन सरकारले अझै ध्यान दिन आवश्यक रहेको बताउदै यसो हुन नसके नेवार समुदायको बिकासमा पछाडी पर्दै जाने बताए। कार्यक्रममा कोषाध्यक्ष विष्णुमाया श्रेष्ठले कोषाध्यक्षको प्रतिबेदन प्रस्तुत गरेकी थिइन् । नेवा सस्कृती संरक्षण समाज रुपन्देहीमा अहिले १३५ जना सदस्य रहेको समाजका सल्लाहकार गणेश पुन्य श्रेष्ठले जानकारी दिए।

कार्यक्रममा झिजु नेवा पुछ तिलोत्तमा अध्यक्ष रुद्र प्रसाद श्रेष्ठ, नेवा समाज अर्घाखाँची रुपन्देही सम्पर्क समाज अध्यक्ष बाबुराम श्रेष्ठ लगायतले बोलेका थिए। कार्यक्रममा आजिवन सदस्यहरु तथा लाखे नाचमा सहयोग गर्ने ब्यक्तिहरुलाइ सम्मान समेत गरिएको सचिव ध्रुब श्रेष्ठले जानकारी दिए।

अधिवेशनले समाजको नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ। नेवा सँस्कृती संरक्षण समाज रुपन्देहीको अध्यक्षमा पुनः लक्ष्मण कुमार श्रेष्ठ निर्वाचित भएका छन।

वरिष्ठ उपाध्यक्षमा मान बहादुर श्रेष्ठ, उपाध्यक्ष हरि बहादुर श्रेष्ठ, महासचिवमा गंगा प्रसाद श्रेष्ठ, कोषाध्यक्षमा रुद्र प्रसाद श्रेष्ठ सचिवमा विष्णुमाया श्रेष्ठ निर्वाचित भएका छन् । यस्तै सदस्यहरुमा श्रीमाया श्रेष्ठ, पार्वती श्रेष्ठ, रुपा श्रेष्ठ, नारायण प्रसाद श्रेष्ठ (क) र नारायण प्रसाद श्रेष्ठ (ख) निर्वाचित भएका छन्।

# रोट्र्याक्ट क्लव अफ बुटवल साउथको अध्यक्षमा खड्का

बुटवल, साउन २७। रोट्र्याक्ट क्लव अफ बुटवल साउथको अध्यक्षमा सुविन खड्का चयन भएका छन्। शुक्रबार सम्पन्न भएको २० औं पद हस्तान्तरण कार्यक्रमा वर्ष २०२२/२३ का अध्यक्ष भुपेन पाण्डेले वर्ष २०२३/२४ का अध्यक्ष खड्कालाई पद हस्तान्तरण गरेका हुन्।

कार्यक्रममा वर्ष २०२२/२३ का अध्यक्ष पाण्डेले वर्षभरी गरेका कार्यप्रगति एवम् सामाजिक कामबारे जानकारी गराउँदै क्लबलाई सहयोग गर्ने सम्पूर्णप्रति धन्यवाद व्यक्त गरे। कार्यक्रममा पदभार ग्रहण गदै वर्ष २०२३/२४ का अध्यक्ष खड्काले निवर्तमान अध्यक्षले आगाडि सारेका नयाँ योजनालाई निरन्तरता दिँदै यो वर्ष केहि नयाँ र फरक खालका कार्यक्रमहरु गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रमको उद्घाटन गदै प्रमुख अतिथि रोट्र्याक्ट डिष्ट्रीका डिआरआर रोशन कार्किले रोट्र्याक्ट क्लवहरुले सामजिक क्षेत्रमा खेलेको भुमिका निकै महत्वपूर्ण रहेको बताए। स्थानिय, प्रदेश र संघिय सरकारहरुले गर्नुपर्ने काम सामाजिक क्षेत्रमा स्थापित रोट्र्क्याट क्लवहरुले गदै आएको उनले बताए ।

रोट्र्क्याट क्लवहरुले गरिब, दुःखी, अनाथ असायहरुको क्षेत्रमा सक्दो सहयोग आएको बताए। बिशेषगरि युवाहरुको नेतृत्व बिकास, क्षमता बिकामसमा कार्यक्रमलाई उच्च प्राथाकितामा बिभिन्न खालका तालिमहरु सन्चालन गदै आएको उनले बताए। रोट्र्याक्ट क्लव अफ बुटबल साउथले बिगतदेखि सामाजिक क्षेत्रमा खेलेको भुमिका महत्वपूर्ण रहेको हुँदा यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिन उनले आग्रह गरे।

कार्यक्रममा बोल्दै सियारी गाउँपालिका अध्यक्ष थानेश्वर घिमिरेले रोट्र्क्याट क्लव बुटलल साउथले सामाजिक क्षेत्रमा खेलेको भुमिका उल्लेखनिय रहेको बताउँदै यस क्लवसँग सहकार्य गरि बिभिन्न खालका कार्यक्रम गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा रोटरी क्लव अफ बुटवल साउथका संस्थापक अध्यक्ष रामचन्द्र आचार्य, रोटरी क्लव बुटवल साउथका अध्यक्ष सारदा पंगेनी, रोट्र्याक्ट डिष्ट्रीकका डिआरआर इलेक्ट बिक्रम क्षेत्री, यादव भट्टराई लगायतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रम क्लवका अध्यक्ष सुविन खड्काको अध्यक्षयता, ईलेक्ट अध्यक्ष सुदिप पौडेलको स्वागत तथा सचिव नविन खनालको सञ्चालनमा सम्पन्न भएको थियो।

# रोट्र्याक्ट क्लब अफ तिलोत्तमा देवदहको अध्यक्षमा भुसाल

देवदह, साउन २७। रोट्र्याक्ट क्लब अफ तिलोत्तमा देवदहको एघारौं पद हस्तान्तरण तथा धन्यवाद ज्ञापन कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा वर्ष २०२२/२३ का अध्यक्ष मनिलाल तिवारीले वर्ष २०२३/२४ का अध्यक्ष बिक्रम भुसालको टिमलाई पद हस्तान्तरण गरेका हुन्।

कार्यक्रममा प्रमुख अतिथि रोट्र्याक डिस्ट्रीक ३२९२ नेपाल भुटानका डिआरआर रोशन कार्कीले क्लबले गरेका विभिन्न कार्यक्रमहरुले गर्दा पनि यो क्लब देवदहको अब्बल क्लबको रुपमा रहेको बताए। उनले नव निर्वाचित समितिलाई शुभकामना व्यक्त गरे। उनले नेतृत्व गर्नेको भागमा प्रशंसा कम पर्ने र आलोचना सहन सक्ने मान्छे नै नेता बन्न सक्ने बताए। असफल हुनु भनेको सफलताको पहिलो स्टेज रहेको उनले बताए।

कार्यक्रममा बोल्दै देवदह नगरपालिका वडा ५ का अध्यक्ष तथा नगर प्रवक्ता गणेश डुम्रेले क्लबले गरेका हरेक कार्यक्रम सह्रनिय रहेको बताउँदै समाज रुपान्तरण गर्ने भनेकै युवाहरूले रहेको बताए।

उनले क्लब स्थापना भएदेखि नै निस्वार्थ रुपले सामाजिक कार्य गर्दै आएको बताउदै क्लबलाई धन्यवाद दिए । उनले क्लबले देवदहको हरेक क्षेत्रमा पुगेर विभिन्न सामाजिक कार्य स्वास्थय शिविरहरु गर्दै आईरहेको र समाज विकासमा यस्ता खाले कार्यक्रमले ठुलो सहयोग पुग्ने बताए। साथै क्लबले गरेका कार्यक्रमहरुमा सहकार्य गरेर अघि बढ्ने र आफ्नो र स्थानीय सरकारको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए।



कार्यक्रममा वर्ष २०२२/२३ का अध्यक्ष तिवारीले वर्षभरी गरेका कामको प्रगती प्रतिवेदन प्रस्तुत गरेका थिए। त्यस्तै पद हस्तान्तरणपछि बोल्दै क्लबका अध्यक्ष भुसालले निस्वार्थ रुपले सामाजिक कार्य गर्दै क्लवलाई अग्रसर गराउने बताए। कार्यक्रममा वर्ष ०२२/२३ मा उत्कृष्ट कार्य गरेका रोट्र्याक सदस्यहरु विभिन्न विधामा सम्मानित भएका थिए। वर्ष ०२३/२४ को प्रथम उपाध्यक्षमा सन्दिप पौडेल, उपाध्यक्षहरू विजय अंगाई, प्रविन गौडेल, सचिवमा ललिता घिमिरे, सह-सचिवमा प्रीति यादव, कोषाध्यक्षमा आशिष न्यौपाने, सह-कोषाध्क्षमा गिता ढकाल रहेका छन्।

कार्यक्रम प्रथम उपाध्यक्ष सन्दिप पौडेलको स्वागत, कार्यक्रम संयोजक पार्वती अर्यालको धन्यवाद ज्ञापन र पहिलो सेसन वर्ष २०२२/२३ का सचिव प्रविन गौडेल र दोस्रो सेसन वर्ष ०२३/२४ का सचिव ललिता घिमिरेको सञ्चालनमा भएको थियो।

# नमूना सदरमुकामको काम अघि बढेन

नवलपुर, साउन २७ । कान्छो जिल्लाका रुपमा रहेको नवलपरासी (बर्दघाट-सुस्तापूर्व)मा शिलान्यास भएको चार वर्ष बितिसक्दा पनि नमूना सदरमुकामको काम अझै सुरु हुन सकेको छैन।

बहुवर्षीय आयोजनामा बजेट सुनिश्चित नहुँदा काम गर्न नसकिएको सघन सहरी तथा भवन निर्माण आयोजना चितवनले जनाएको छ । 'नमूना सदरमुकाममा निर्माण हुने भवन, सडकलगायतका संरचनाका लागि रु तीन अर्ब ५० करोड अनुमानित लागत तयार पारी विभागमा पठाएका छौँ', कार्यालयका सूचना अधिकारी ओमबहादुर खड्काले भने, 'नमूना सदरमुकाम निर्माणका लागि बहुवर्षीय स्रोत सुनिश्चित भएको छैन। बहुवर्षीय स्रोत स्वीकृत नभएसम्म निर्माण अघि बढाउन सक्ने अवस्था छैन।'

कावासोती-३ मा बन्ने भनिएको नमूना सदरमुकाम निर्माणका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) पनि स्वीकृत नभएको खड्काको भनाइ छ । 'इआइएको काम पूरा भइसकेको छ, तर स्वीकृत भएको छैन', उनले भने, 'यो स्वीकृत नहुनु पनि काम अघि बढाउन नसक्नुको कारण हो ।' नमूना सदरमुकामको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) गण्डकी प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले निर्माण गरेको हो । तर डिपीआर पनि बारम्बार संशोधन भइरहँदा निर्माण अगाडि बढ्न नसकेको उनको भनाइ छ । 'कावासोतीको एक सय ८४ बिघा क्षेत्रफलमा नमूना सदरमुकाम निर्माण अघि बढ्ने गरी डिपीआर तयार भएको छ', उनले भने, 'यहाँ निर्माण हुने जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतबाहेकका सबै सरकारी कार्यालयको भवन एकै ढाँचामा निर्माण हुनेछन्।'

जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतले आफ्नो बेग्लै ढाँचामा भवन निर्माण गर्ने भए पनि अन्य सरकारी भवन भने एकै ढाँचामा निर्माण हुने र एउटै भवनमा दुईभन्दा बढी कार्यालय सञ्चालन हुने उनले बताए। नवलपुरमा सङ्घीय सरकार मातहतका २१ तथा गण्डकी प्रदेश सरकार मातहतका ११ वटा कार्यालय रहनेगरी डिपीआर संशोधन गरिएको खड्काले बताए। सरकारी अ•सँगै पुस्तकालय, सभाहल, बैंक, अतिथिगृह, आवासगृह, रङ्गशाला, सूचना केन्द्र, प्रहरी तालिम केन्द्र, पार्कलगायतका संरचनासमेत यहाँ निर्माण गर्ने योजना छ। यी संरचना निर्माणका लागि चार वर्ष पहिले योजना अघि सारिएको थियो।

'नमूना सदरमुकाम निर्माणको अन्तिम लागत तयार पारेर चार महिनाअघि सहरी विकास तथा भवन निर्माण विभागमा पेस गरेका छौँ', उनले भने, 'बजेटको स्रोत सुनिश्चित नभएका कारण लागत स्वीकृत भएको छैन ।' सहरी विकास मन्त्रालयबाट बजेटको स्रोत सुनिश्चित भएर लागत स्वीकृत हुने बित्तिकै काम सुरु गर्ने आयोजनाको तयारी रहेको उनको भनाइ छ। बहुवर्षीय बजेटको स्रोत सुनिश्चित नहुँदा गत आवमा नमूना सदरमुकामका लागि बिनियोजित बजेट फ्रिज भएको उनले जानकारी दिए । 'गत आर्थिक वर्ष २०७९/८० मा नमूना सदरमुकामको भवन निर्माणका लागि रु १० करोड तथा सडक निर्माणका लागि रु ३३ करोड ९५ लाख बजेट विनियोजन भएको थियो' उनले भने, 'बहुवर्षीय बजेट सुनिश्चित नहुनु, इआइए स्वीकृत नहुनु तथा लागत स्वीकृत नहुनुका कारण काम हुन सकेन र उक्त बजेट फ्रिज भयो।' खड्काका अनुसार चालु आव २०८०/८१ मा समेत भवन निर्माणका लागि रु २० करोड तथा अन्य पूर्वाधारका लागि रु एक करोड बजेट विनियोजन भएको छ।

'इआइए स्वीकृत तथा बहुवर्षीय बजेटको स्रोत सुनिश्चित भएपछि हामीले ठेक्का निकालेर नमूना सदरमुकाम निर्माण सुरु गर्छौं', सूचना अधिकारी खड्काले भने। नवलपुरमा नमूना सदरमुकाम नबन्दा अधिकांश सरकारी कार्यालय भाडाको घरमा सञ्चालन भइरहेका कोष तथा लेखा नियन्त्रक कार्यालय नवलपुरका सूचना अधिकारी जीतनारायण महतोले बताए । जिल्लामा सञ्चालित सङ्घीय तथा प्रदेश सरकार मातहतका कार्यालयले घरभाडाबापत मात्रै मासिक रु १० लाखभन्दा बढी बुझाउने गरेका महतोले जानकारी दिए। रासस

# कुवेतमा बेचिएकी नेपाली महिलाको उद्धार

काठमाडौँ, साउन २७। कुवेतमा बेचिएकी एक नेपाली महिलाको उद्धार गरिएको छ। नेपाल समाजवादी मोर्चाले सिन्धुपालञ्चोक बाँडेगाँउ स्थायी ठेगाना भएकी २६ वर्षीय महिलाको कुवेतको जाराबाट उद्धार गरी यही साउन २४ गते काठमाडौँ ल्याएको हो।

पीडित महिलालाई नेपालमा रहेका भतिज राज श्रेष्ठ र दलाल उमेश चौहानले आकर्षक तलबको प्रलोभन देखाइ गत असार १७ मा गलत बाटो प्रयोग गरी कुवेत पुऱ्याएका थिए । पीडित महिलाले आफूलाई 'ब्यूटिसियनसँग सम्बन्धित कम्पनीमा काम गर्ने भनी लगेको तर त्यहाँ पुगेपछि घरेलु कामदारका रुपमा काम गर्न बाध्य बनाइएको गुनासो गरिन। 'घरको आर्थिक अवस्था कमजोर रहेकाले वैदेशिक रोजगारीको खोजी गर्ने क्रममा आकर्षक तलब सुविधा देखेर आफन्तको सम्पर्कबाट कुवेत गएकी हुँ', पीडित महिलाले भनिन्, 'त्यहाँ पुगेको दुई दिनपछि विभिन्न डर धम्की देखाइ घरेलु कामदारका रुपमा काम गर्न बाध्य पारियो।' पीडित महिलाले केही समयपछि मोर्चाका संयोजक युवराज सफललाई आफूलाई उद्धार गर्न भन्दै अनुरोध गरेकी थिइन् । 'पीडितसँग सम्पर्कमा आएपछि उद्धारको प्रक्रिया सुरु गरेका थियौँ, उनलाई कुवेत पठाउने व्यक्तिसँग सम्पर्क गरी प्रमाण जुटाइ प्रक्रिया गएपछि उनको उद्धार भएको हा', सफलले भने। उनले यस विषयमा मानव बेचबिखन नियन्त्रण ब्यूरोलगायत सम्बन्धित निकायमा निवेदन दिए पनि पीडित महिला गैरकानूनी रुपमा कुवेत गएका कारण सम्बन्धित निकायले उद्धारका लागि पहल नगरेको उनको भनाइ छ। उद्धार गरिएकी महिलालाई स्वदेशी पर्कनका लागि उनकी दिदीले टिकट काटिदिएकी थिइन्।


**समस्या अनेक ? उपचार केन्द्र एक !**

**नेपाल सरकारद्वारा मान्यता प्राप्त बुटवलको एकमात्र आयुर्वेद क्लिनिक**

**यौन:** सबै किसिमका शारीरिक, मानसिक, यौन दुर्बलता, धातु रोग, गुप्तरोग, स्पनदोष र पुरुष-स्त्री दुबैका कारणबाट हुने 'निः सन्तानपन् यौनाङ्को विकास महिनावारीमा गडबडी, सेतोपानी आउने, गन्नाउने आदि (पूर्ण गोप्तताका साथ)

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर, चाया, अनावश्यक कोठी वा फोकाहरु अनुहारका चाउरीपन दुबी, सेतोदुबी, मोटोपन, दुब्लोपन, शारीरिक बनौट तथा ऊचाई (निश्चित उमेरमा)

**पाइल्स, फिस्टुला र फिसरको क्षारशुत्र विधिद्वारा बिना अपरेशन सफल उपचार**

**कुलत:** जाँड, रक्सी, लागु पदार्थको सेवन तथा इन्जेक्सन जस्ता कुलतहरुको परामर्श तथा पूर्ण उपचार ।

**मानसिक:** निराशा, उदासिनता, मानसिक डर, भय, दिमागको बोधोपन निद्रा नलाग्नु आदि ।

**बिना अपरेशन:** पत्थरी, हाइड्रोसिल, हर्निया, अल्काई आदि ।

**दीर्घ रोग:** डायबिटिज (सुगर), बाथ, दम, पिनास, जण्डीस, ब्लड प्रेशर, एलर्जी, कपालको चाया तथा प्यास्टिक र अल्सरको सजिलो उपचारको लागि काठमाडौंबाट आउनु भएका विशेषज्ञ डा. हरुलाई भेटी स्वास्थ लाभ लिनुहोस्।


सम्पर्क: **माता मनकामना आरोग्य केन्द्र** तथा **सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक**

बुटवल-१०, (ॐ मिष्ठान्न भण्डारको दोस्रो तल्ला, राजमार्ग चौराहा चोकदेखि १०० मिटर उत्तरतर्फ), **फोन:** ०७१-५३८८९३, ९८४७३५२१२७



**इट्टा चाहिएमा !**

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।




मार्का

सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही

फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री

नोट: पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।



**ट्वाइलेट सफा गराउनुहोस्**

- तपाईको शहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानिज मेसिनद्धारा सेफ्टी ट्यांकीको रिङ्ग भरिएमा १० मिनेटमा सफा गरिन्छ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्धारा १० मिनेटमै सेफ्टी ट्यांकीको रिङ्ग खाली गरिन्छ।

**भैरहवा सेनेटरी**
बर्मेलीटोल, भैरहवा, रुपन्देही
९८५७०१५७६३, ९८१७५११८३३

**न्यू शिव सेनेटरी**
पडसरी, ठुटीपिपल, रुपन्देही
९८५७०१५२६३, ९८११९२३९११


# Malika Rural Municipality

Arkhawang, Gulmi

## Invitation for Bids

**Date of publication: 13-August, 2023**

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of worksas specified below under.
2. A complete set of Bidding Documents may be purchased from the office Malika Rural Municipality Arkhawang, Gulmi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee as specified below till the respective dates. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
   **Information to deposit the cost of Bidding Document in Bank:**
   **Name of the Office:** Malika Rural Municipality, Arkhawang, Gulmi.
   **Name of Bank:** Global IME Bank Ltd. (Branch of Malika Gulmi)
   **Office Account no:** 36004010000001 (Sthaniya taha sanchitkosh khata malika ga pa)
3. Bids must be submitted to the office before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Malika Rural Municipality, Arkhawang, Gulmi
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (Staniya Taha Dharauti Khata (malikaga pa), A/C No.: 36004010000004) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Incase confusion contact on 9867386052, 9857067906 within office time.The name, identification number and other details of the contracts are as follows:

| SN | Contract Name | Identification No. | Estimated Amount inclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Malika Model Secondary School | OMRM-GUL-W-NCB-19-2080/081 | 9795909.73 | 3,000.00 | 240000 | 13/09/2023 12:00 | 13/09/2023 13:00 | Online |
| 2 | Construction of Simaltari Marbhung Maidan Arkhawang Sadak | OMRM-GUL-W-NCB-20-2080/081 | 4868996.093 | 3,000.00 | 125000 | 13/09/2023 12:00 | 13/09/2023 13:00 | Online |
| 2 | Procurement of Fabricated Steel Parts for Sau Khola Steel Truss bridge for Malika Rural Municipality | OMRM-GUL-G-SQ-21-2080/081 | | 1000.00 | 45000 | 29/08/2023 12:00 | 29/08/2023 13:00 | Online |

**Chief Administrative Officer**

# Siddharthanagar Municipality

Office of the Municipal Executive

Siddharthanagar, Rupandehi

## Invitation for Electronic Bids

**First Date of Publication: 2080–04–28 (13th August, 2029)**

1. Siddharthanagar Municipality Office, Siddharthanagar, Rupandehi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB Bidding Procedure for S.N. 1 and 2, name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Description of work | Estimated Amount inclusive VAT and Provisional Sum without contingency | Bid Document Fee Amount | Bid Security Amount | Pre Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SNP/NCB–06/080/081 | Building Construction Work of Bahira Baal Ma. Bi. in Ward no. 02 | NRS. 1,15,21,706.05 | NRs. 3000 | NRs. 3,00,000.00 (Three Lakh Only) | 2080–05–15 (1st September, 2023) | 2080–05–27 (13th September, 2023) | 2080–05–27 (13th September, 2023) |
| | | | | | | 13:00 PM | Before 12:00 NOON | 13:00 PM |
| 2 | SNP/NCB–07/080/081 | Construction and Upgrading of Road, Drain and other structures on different locations of Ward no. 08. | NRs. 44,45,828.45 | NRs. 3000 | NRs. 1,15,000.00 (One Lakh Fifteen Thousand Only) | 2080–05–15 (1st September, 2023) | 2080–05–27 (13th September, 2023) | 2080–05–27 (13th September, 2023) |
| | | | | | | 13:00 PM | Before 12:00 NOON | 13:00 PM |

| Bank Name | Name of Office | Revenue Account Name & No. | Deposit Account Name & No. |
|---|---|---|---|
| Agriculture Development Bank, Siddharthanagar, Rupandehi | Siddharthanagar Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi | Antarik Rajaswa (revenue) Khata 04–146–01145634–20–8 (ga–1–1) | Dharauti Khata 04–146–01145634–03–8 (ga–3) |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. Bid Submitted in hardcopy shall not be accepted.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

**Chief Administrative Officer**

# ४९ लाखको अवैध सामान बरामद



बुटवल, साउन २७ । प्रहरीले रुपन्देही र बाँकेबाट ४९ लाख भन्दा बढि मूल्यको अवैध सामान बरामद गरेको छ । भारतबाट भन्सार छलि गरेर ल्याएको ४९ लाख ३१ हजार ९४० रुपैयाँ बराबरको बिभिन्न सामान नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । रुपन्देहीको मायादेवि गाउँपालिका ६ बेथरीबाट शुक्रबार २७ लाख ४७ हजार ४ सय बराबरको अवैध सामान बरामद गरिएको रुपन्देही प्रमुख प्रहरी उपरीक्षक भरतबहादुर विकले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय बेथरीबाट खटिएको प्रहरी टोलीले ना ३ ख ४४१३ नम्बरको ट्रकलाई चेकजाँच गर्ने क्रममा भारतबाट अवैध रुपमा भन्सार छलि ल्याउँदै गरेको अवस्थामा थानको कपडा १ हजार ५१४ मिटर, साडी ४७४ पिस, सुट ५०८ पिस, ब्लाउज ५५ पिस लगायतका सामान बरामद भएको प्रहरी उपरीक्षक विकले बताए । प्रहरीले ट्रक चालक स्याङ्जाको पुतलीबजार नगरपालिका १३ का ४० वर्षीय लालबहादुर विकलाई प्रक्राउ गरेको छ ।

यस्तै, बिहिबार रुपन्देहीको रोहिणी गाउँपालिका ३ सेमरहवा चोकबाट १२ लाख ६२ हजार २ सय बरावरको सामान बरामद भएको छ । प्रहरी उपरीक्षक विकका अनुसार इलाका प्रहरी कार्यालय धकधईबाट खटिएको प्रहरी टोलीले लु १ च ५८३१ नम्बरको पिकअपमा ल्याउँदै गरेको अवस्थामा माला, लेमिनेसन पेपर पेटी र क्लिप नियन्त्रणमा लिएको हो । प्रहरीले गाडी चालक नवलपरासीको सुनवल नगरपालिका ८ का ३७ वर्षीय संगितकुमार खरविनलाई प्रक्राउ गरेको छ । बरामद सामान र सवारी साधनलाई आवश्यक कारबाहीका लागी भन्सार कार्यालय बेलहियामा पठाइएको प्रहरी उपरीक्षक विकले बताए ।

त्यस्तैगरी, प्रहरीले बाँकेको नेपालगञ्ज उपमहानगरपालिका १ धम्बोझीबाट अवैध रुपमा दाङतर्फ ल्याउँदै गरेको ९ लाख बढि मूल्यको सामान बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले रा १ ज ३८१ नम्बरको बोलेरो पिकअप गाडीमा भारतबाट भन्सार छलि ल्याउँदै गरेको अबस्थामा ९ लाख २२ हजार २५० बराबरको जुत्ता, चप्पल बरामद गरेको हो । प्रहरीले गाडी चालक दाङको तुलसिपुर उपमहानगरपालिका ९ का २४ वर्षीय कमल विकलाई प्रक्राउ गरेको छ । प्रहरीले बरामद सामान र सवारी साधनलाई आवश्यक कारबाहीका लागी भन्सार कार्यालय नेपालगञ्ज पठाएको जनाएको छ ।

# शैक्षिक सरोकारवालाहरूसँग छलफल कार्यक्रम

भैरहवा, साउन २७ । शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीको आयोजनामा शैक्षिक सरोकारवालाहरूको छलफल शनिबार भैरहवामा सम्पन्न भएको छ । उक्त अवसरमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको राज्यमन्त्री प्रमिला कुमारीले सबै सरोकारवालाहरुलाई समेटेर देश, शिक्षक र विद्यार्थीको हितमा प्रस्तावित शिक्षा एनलाई परिमार्जन गरेर जारी गर्ने प्रतिबद्धता व्यक्त गरीन् ।

शिक्षा तालिम केन्द्रका प्रमुख टिकाराम अर्यालले लुम्बिनी प्रदेश सरकारले लुम्बिनी प्राविधिक विश्वविद्यालय स्थापना गरेको लुम्बिनी बौद्ध विश्वविद्यालयको बिएएलएलबी सञ्चालन, पद्मोदय मावि दाङमा विज्ञान सङ्काय सञ्चालन लाई प्राथमिकताका साथ सहयोग गरेको धारणा राखे । शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीका इकाई प्रमुख माधव बन्जाडेले रुपन्देहीमा ९७० वटा विद्यालयहरु रहेको र कक्षा १२ सम्म दुई लाख ५१ हजार पाँच सय सत्ताईस विद्यार्थीहरु अध्ययनरत रहेको लगायत रुपन्देही जिल्लाको समग्र शैक्षिक गतिबिधिहरु जानकारी गराए । शिक्षा विकास तथा समन्वय इकाई कपिलवस्तुका इकाई प्रमुख थानेश्वर घिमिरे, सिद्धार्थ नगरपालिकाका शिक्षा अधिकारी चेतनशील लम्साल, मायादेवी गाउँपालिकाका शिक्षा अधिकारी नारायण लामिछाने, नेपाल शिक्षक महासङ्घका लुम्बिनी प्रदेश उपाध्यक्ष कुल प्रसाद लामिछाने, नवीन औद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेत, नेपाल राष्ट्रिय शिक्षक संगठन संघीय परिषद सदस्य मोतीलाल सुवेदी, अखिल नेपाल शिक्षक संगठनका उपाध्यक्ष गुणाखर



भट्टराई, नेपाल शिक्षक संघ रुपन्देहीका अध्यक्ष रुपकुमार रायमाझी, प्याब्सनका केन्द्रीय उपाध्यक्ष बिष्णु पन्थी, प्याब्सन रुपन्देहीका अध्यक्ष अनन्त शर्मा, पब्लिक नमुना मावि छपियाका प्रधानाध्यापक डिलाराम खनाल, शिक्षक नेता सदर आलम लगायतले सरोकारवालाहरुको तर्फबाट धारणा व्यक्त गरेका थिए । शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीका इकाई प्रमुख माधव बन्जाडेको अध्यक्षतामा, शाखा अधिकृत धनिश्वर पन्थीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# बुटवलमा स्कील प्रमोट सञ्चालनमा



बुटवल, साउन २७ । विद्यार्थीहरूलाई प्राविधिक क्षेत्रमा रोगजार गराउने उद्देश्य सहित बुटवलमा स्कील प्रमोट प्रालि सञ्चालनमा आएको छ ।

बुटवल कालिकानगरस्थित प्रालिको शनिबार लुम्बिनी प्रदेशका मुख्य न्याधिवक्ता डा. बुद्धबहादुर थापाले उद्घाटन गरे । स्कील प्रमोट प्रालिकाका प्रबन्ध निर्देशक प्रविण पन्थीले कम्पनीले वेब, वेब एप्स, सफ्टवेर डिभेलपमेन्ट, डीजीटल मार्केटिङ नेटवर्क सेक्युरिटी, डाटा विज्ञान, कम्प्युटर भिजन र नेचुरल ल्याइवेज प्रोसेसिङ जस्ता क्षेत्रमा सेवा प्रदान गर्ने बताए ।

साथै प्रालिले सीप सिकाईको लागि तयार गर्न इन्टनसीप व्यवस्थाका साथै करियार निर्माण प्रयास गर्ने पन्थीले बताए । डा. थापाले हाम्रो जस्तो विकास उन्मुख देशबाट विकशित देश हुनका चाईने केही माध्यम मध्ये आईटीको विशेष महत्व रहेको बताए । विज्ञान र प्रविधिलाई प्राथामिकता राखेको राष्ट्रले अहिले शक्तिको केन्द्रमा पुगेको उनको भनाइ छ ।

कार्यक्रममा लुम्बिनी सिटी कलेजका प्रिन्सिपल राहुल भुसालले विद्यार्थीको माग बमोजिम नैं बुटवलमा क्षेत्रमा स्कील प्रमोट सञ्चालनमा आउनु खुसीको कुरा रहेको बताए । आईटी क्षेत्र नैं अबको आवश्यकता भएको बताउदै उनले लुम्बिनी सिटी कलेज पनि यस संस्थासँग मिलेर जाने बताए ।

## फेसबुके ...

**घटना नं ४: ५० भारतीयको जालमा १४ बर्षीया बालिका**

चन्द्रकोट गाउँपालिकाकी १४ बर्षीया बालिका ३ बैशाखमा परिवारको सम्पर्क बाहिर रहिन् । परिवारले ५ बैशाखमा प्रहरीचौकी मजुवामा हुलियासहित उजुरी दिए । प्रहरीले खोज्दै जाँदा मजुवा बजारमा पाउरोटी उद्योगमा काम गर्ने ५० बर्षीया भारतीय नागरिकले बालिकालाई फकाईफुलाई भारत लैजाँदै गरेको खुल्यो । तत्काल कपिलवस्तुको तौलिहवाबाट बालिकाको उद्धार गरेर अभिभावकको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरिक्षक रविन्द्र कुमार श्रेष्ठले जानकारी दिए ।

**अवस्था बिकराल बन्दैः एसपी प्रधान**

जिल्लामा बालिकाहरु घर छोडेर हिड्ने समस्या बिकराल बन्दै गएको छ । जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख प्रहरी उपरीक्षक नविन किशोर प्रधानले बालिका हराएका निवेदनहरु धेरै आउन थालेकाले प्रत्येक पालिकाहरुमा सचेतना फैलाउनुपर्ने आवश्यकता रहेको बताए । अभिभावकले आफ्नो बालबालिकाको सधै निगरानी गर्ने र समाजिक संजालको प्रयोगका बिषयमा पनि सचेत रहन आग्रह गरे ।

समाजलको चिनजान र क्षणिक प्रलोभनका कारण घर छोड्ने बालिकाहरुको संख्या बढ्दै गएकाले ठुलो घटना हुने तर्फ सचेत रहन अभिभावहरुलाई अनुरोध गरे । 'छोराछोरीको चालचलन ख्यान नगर्दा पछि पछुताउनुपर्छ । क्षणिकको बिहे, शहर, पैसा र भारत जाने प्रलोभनका कारण भाग्दा ज्यान जान सक्छ,' उनले भने, 'स्थानीय तहको समन्वयमा सचेतना जगाउनु आवश्यक छ ।' उनले होटलहरुमा आउने मान्छेको निगरानी बढाउन व्यावसायीहरुलाई आग्रह गरे । प्रधानले उपराधमा संलग्नहरु पनि होटलमा बास बस्ने र बालबालिकाहरु पनि आउने भएकाले पैसाको लोभभन्दा संभावित शंका र सूचनाहरु लिने प्रहरी वा परिवारलाई खबर गर्ने तथा व्यावसायी आफैले पनि बुझेर मात्रै बास बसाल्ने आग्रह गरे ।

## स्वास्थ्य ...

मृगौलामा समस्या हुँदा सुरुको अबस्थामा लक्षणहरु केही नदेखिने भएकाले हरेक नागरिकले कम्तीमा ६/६ महिनामा मृगौला, पिसाब जाँच गर्नुपर्ने उनले बताए । 'समय समयमा आफ्नो स्वास्थ्य जाँच गर्ने, दैनिक १०-१२ गिलास पानी पिउने, सुगर, रक्तचाँप नियन्त्रण गर्ने, नुनको कम प्रयोग गर्ने हो भने पनि मृगौला रोगबाट बच्न सकिन्छ ।' डा.बस्नेतले भने । सुगरको समस्या भएका ३ जना बिरामीमध्ये एकजना र उच्च रक्तचाप भएका ५ जना बिरामीमध्ये एक जनामा मृगौलामा समस्या देखिएको उनले बताए ।

कार्यक्रममा एमाले पोलिटब्यूरो सदस्य दधिराम न्यौपाने, केन्द्रिय अनुशासन आयोग उपाध्यक्ष नेत्र पन्थी, केन्द्रिय सदस्य शिवराज सुवेदी, एमाले रुपन्देही जिल्ला अध्यक्ष तेजेन्द्र केसी लगायतले बोल्दै स्वास्थ्यको विषयमा गम्भीर हुनुपर्ने बताए । कार्यक्रममा स्वस्थ्य क्षेत्रमा योगदान दिएका नेपाल फार्मेसी संघको केन्द्रीय अध्यक्ष किरण ढकाल र नेपाल औषधी व्यवसायी संघ रुपन्देही जिल्ला शाखाका उप-कोषाध्यक्ष केदार नेपाललाई सम्मानपत्र र खादाबाट सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन स्वास्थ्य तथा जनसंख्या विभाग सचिव केदार नेपालले गरेका थिए ।


**एनओसी काड हराएको सूचना**

स्वर्गद्धारी नगरपालिका वडा नं. ३ सयमुरे देखी स्वर्गद्धारी नपा ४ भिङ्ग्री बजार जाँदै गर्दा सर्वन कुमार भण्डारीको नाममा रहेको ७८६१३४२ दर्ता नम्बरको अति महत्वपूर्ण एनओसी (नो अफजेशन सर्टिफिकेट) कार्ड मिति २०८०।०४।१८ गते हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकको प्रहरीचौकी वा ९८६६९८२११६ मा सम्पर्क गरिदिनु बिनम्र अनुरोध गर्दछौ ।

**उत्कृष्ट मा.वि. २०७९ र २०८० बाट सम्मानित**

**ADMISSION OPEN**

In Class 11

SCIENCE & MANAGEMENT







Limited Seats are available

Science (Day Shift), Management (Day & Morning Shift)

Computer Science, Math, Biology, Hotel Management, Finance

Form distribution : 2080-03-22 onwards

SAI GLOBAL SECONDARY SCHOOL

Siddharthanagar-8, Rupandehi

071-576155, 9847032448, 9844788070, 9857024642

**ट्वाइलेट सफा गराउनुहोस्**

सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस् ।

**पाल्पाली मगर सेनेटरी**

बुटवल-१७, मोतीपुर, रुपन्देही

फोनः ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।

**तिनाउ सेनेटरी**

ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।

बुटवल-१०, सुख्खानगर, रुपन्देही

फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

**कर्मचारी आवश्यकता**

यस शान्तिप्रिय बहुउद्देश्यीय सहकारी संस्था लि., बुटवलको लागि निम्न बमोजिमको कर्मचारी आवश्यक भएकोले योग्य, इच्छुक उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ ।

- पदः कार्यालय/लेखा सहायक
- संख्याः १ जना ।
- योग्यताः +२ वा सो सरह उत्तीर्ण ।
- अनुभवः सहकारीमा काम गरेको र सहकारी सफ्टवेयर चलाउन जान्नेलाई विशेष ग्राहयता दिइनेछ ।
- दरखास्त दिने अन्तिम मितिः २०८०।४।३० गते ४ बजेसम्म ।
- परिक्षाको किसिमः अन्तर्वार्ता तथा सिप परिक्षण ।
- तलबः संस्थाको नियमानुसार हुनेछ ।

सम्पर्कः

शान्तिप्रिय बहुउद्देश्यीय सहकारी संस्था लि.

बुटवल-१३, बेलवास (शान्तिचोक), रुपन्देही

फोनः ९८५७०६१२९६, ९८५७०२९२९४

**ट्वाइलेट सफा गराउनु परेमा**

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

**बुटवल सेनेटरी प्रा.लि.**

फोनः ९७४५४०५९७३

९८०७४०९८५२


**Bhumikasthan Municipality**

Arghakhanchi

Contract Identification No.: 02/BMA/W/BT/2080/081

**Upalla Pokhara Bhumekathan Pipalneta Gokhunga Moterable Road Blacktopped works**

**Invitation for Bids**

*Date of publication: 13-08-2023 (2080-04-28)*

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the construction of Upalla Pokhara Bhumekathan Pipalneta Gokhunga Moterable Road Blacktopped works under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.
2. **Only eligible bidders with the following key qualifications should participate in this bidding process:**

a. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs.29485571.20

b. Minimum Work experience of similar size and nature: NRs.7862818.99

3. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp. and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
4. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.5000/- as bidding document fee in the account as specified below:

**Information to deposit the cost of bidding document in Bank:**

- Name of the Bank: Parbhu Bank Ltd.
- Name of Office: Bhumikasthan Municipality Office
- Office Account no: 2587086986800138
- Account Name : Internal Revenue.

5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12-09-2023 13:00 hours at the office of Bhumikasthan Municipality Arghakhanchi Lumbini Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of NRs.5,55,000/- which shall be valid for 30 days beyond the validity period of the bid.

**Information to deposit the BID Security Amount in Bank:**

- Name of the Bank: Parbhu Bank Ltd.
- Name of Office: Bhumikasthan Municipality Office
- Office Account no: 2587086986800048
- Account Name : Dharouti Account.

6. Pre-bid meeting shall be held at Bhumikasthan Municipality Arghakhanchi Lumbini Province, Nepal at 01-09-2023 13:00 hours.
7. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12-09-2023 12:00 PM. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12-09-2023 13:00 hours at the office of Bhumikasthan Municipality Arghakhanchi Lumbini Province, Nepal.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


**तपाई निःशुल्क तालिमको खोजीमा हुनुहुन्छ ?**

UKaid र सीपको सहकार्यमा नसिब गार्मेन्ट उद्योग परिसरमा फरक फरक विधाको तालिम लिने अवसर नछुटाउनुहोस् पैसा पनि नचाहिने रोजगार पनि पाइने....





तालिमहरुः

- Cutting/Layering
- Sewing Buttoning
- Finishing, Packing
- Checking, Thread Triming

थप जानकारीका लागिः

सहकार्य सीप SKILLS FOR EMPLOYMENT PROGRAMME UKaid from the British people

**नसिब गार्मेन्ट उद्योग प्रा. लि.**

तिलोत्तमा-१४, रुपन्देही

फोनः ९८०२७८४२६४, ९८०१३०४९३६


मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागिः अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालयः बुटवल-९, मिलनचोक, रुपन्देही, फोनः ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालयः भैरहवा फोनः ०७१-५७६१३६